# स्थानीय राजपत्र

## चन्द्रकोट गाउँपालिकाद्वारा प्रकाशित

चन्द्रकोट, खण्डः ५ भागः २ संख्याः ८ मितिः २०७९/०७/०४ गते

### भाग-२

### चन्द्रकोट गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर गुल्मी

चन्द्रकोट गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ३ को अधिकार प्रयोग गरी चन्द्रकोट गाउँ कार्यपालिकाले बनाएको यो कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

# कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम संचालन कार्यविधि २०७९

**प्रस्तावना:-**ग्रामिण अर्थतन्त्रको मुख्य आधार स्तम्भ र कृषि क्षेत्रमा आबद्ध परिवारमध्ये ८६ प्रतिशत भन्दा बढी संलग्न रहेको नेपालको पशुपालन क्षेत्रले तिनीहरुको जीविकोपार्जन,खाद्य सुरक्षा,पोषण सुरक्षा, स्वरोजगार सिर्जना र गरिबी न्यूनीकरणमा गरेको योगदानकै कारण नेपाली अर्थतन्त्रमा यस क्षेत्रको महत्व दिन प्रतिदिन बढ्दै गईरहेको छ। नेपालमा असन्तुलित पोषणको कारण बालबालिका तथा महिला मात्र होइन औसत नेपालीहरुको, शारीरिक, मानसिक, संवेगात्मक, बौद्विक र सामाजिक बिकासमा समेत असर परेको छ।यसका लागि दैनिक उपभोग गरिने आहारामा पशुजन्य उत्पादनहरु जस्तै दुध, अण्डा, माछा, मासु जस्ता परिकारहरु सन्तुलित रुपमा समावेश हुनुपर्दछ।पशु उत्पादन क्षेत्रलाई निर्वाहमुखीवाट व्यवसायीकरणमा परिणत गर्न र तीव्र लगानी विस्तार गरी समग्र व्यवसायलाई नै प्रतिस्पर्धी बनाउन आवश्यक छ।यसका लागि पशुपंक्षीको उत्पादन प्रशोधन तथा बजारीकरण गरी पशुपालक कृषकहरुलाई थप प्रतिस्पर्धी बनाउनको लागि प्रदान गरिने सहयोग तथा कार्यक्रमलाई बढी भन्दा बढी प्रभावकारी एवम् पारदर्शी रुपमा लक्षीत वर्गसम्म पुऱ्याउन र यस व्यवसायलाई आर्थिक आय आर्जन, स्वरोजगार प्रर्वद्धन एवं गरिवी न्युनीकरणको माध्यमवाट राष्ट्रिय अर्थ-व्यवस्थामा ठोस योगदान पुऱ्याउन यस गाउँपालिकाको विभिन्न नीति तथा कार्यक्रमलाई सहज, सरल,पारदर्शी र प्रभावकारी रुपमा संचालनगर्न वाञ्छनीय भएकोले कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम कार्यविधि, २०७९ बनाई लागु गरिएको छ।

## परिच्छेद १

## प्रारम्भिक

१.<u>संक्षिप्त नाम र प्रारम्भः</u>

क) यस कार्यविधिको नाम **कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रम संचालन कार्यविधि २०७९** रहेको छ।

ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

२.<u>परिभाषाः</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

क) "गाउँपालिका" भन्नाले चन्द्रकोट गाउँपालिका सम्झनु पर्दछ।

ख) "कार्यपालिका" भन्नाले चन्द्रकोट गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

ग) "शाखा" भन्नाले पशु सेवा शाखा सम्झनु पर्दछ।

घ) "वडा" भन्नाले चन्द्रकोट गाउँपालिका अन्तर्गत पर्ने १ देखि ८ नं. का वडाहरु सम्झनु पर्दछ।

ङ) "प्राबिधिक "भन्नाले चन्द्रकोट गाउँपालिका पुश सेवा शाखामा कार्यरत कर्मचारी सम्झनुपर्दछ।

च) "अनुदान "भन्नाले उत्पादनमा आधारित यसै कार्यविधिमा रहेको अनुदानको मापदण्ड अन्तर्गत रहेका कार्यहरुमा प्रोत्साहन स्वरुप दिईने अनुदान वा साझेदारी रकम सम्झनुपर्दछ।

छ) "अनुदानग्राही "भन्नाले यसकार्यविधि बमोजिम अनुदान प्राप्त गर्ने कृषक/कृषक समुह ,सहकारी, संस्था/निजी फर्म/उद्यमीहरु सम्झनु पर्दछ।

ज) "समिति" भन्नाले चन्द्रकोट गाउँपालिकाले यस कार्यविधिमा व्यवस्था गरे अनुसारको कार्यक्रमका लागि पेश हुने प्रस्तावहरुको छनौट तथा मूल्याङ्कनका लागि गठित छनौट समिति सम्झनुपर्दछ।

झ) "समूह" भन्नाले ९ वा सो भन्दा बढी कृषकहरु संगठित भई यस कार्यविधि बमोजिम गठन भएको समुहलाई सम्झनु पर्दछ।

ञ) "निजी फार्म" भन्नाले एकल वा साझेदारी स्वामित्वमा रही पालिका अन्तर्गतको पशु सेवा शाखामा दर्ता भएको फार्म सम्झिनु पर्दछ।

ट) "कार्यबिधि" भन्नाले कृषकको उत्पादन गाउँपालिकाको अनुदान संचालन कार्यबिधि २०७९सम्झनु पर्दछ।

## परिच्छेद- २

## कार्यक्रम संचालन प्रकृया

**३.कार्यक्रमको उद्देश्यहरुः**

कार्यक्रमका उद्देश्यहरु देहायबमोजिम रहेका छन्-

क) पशु तथा पशु जन्य उत्पादनको बजारीकरण गरी कृषकहरुलाई प्रति ईकाई उत्पादनको अनुदान प्रदान गर्ने।

ख) पशुपन्छी उत्पादनको गुणस्तर कायम गरी उत्पादन गर्ने क्षेत्रलाई प्रतिस्पर्धात्मक, प्रतिष्ठित एबं दिगो बनाउन प्रोत्साहन गर्ने

ग) पशुपालनमा व्यवसायीकरणको बिकास गरी रोजगारीको लागि बिदेशिने क्रम न्युनिकरण गर्न सहयोग पुर्याउने ।

घ) कृषकहरुको आयआर्जनमा टेवा पुऱ्याई कृषक परिवारको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने।

ङ) युवाहरुलाई पशुपालन व्यवसायमा लागेका कृषकहरुको मनोबल उच्च राखी निजको लगानीलाई सुनिस्चितता प्रदान गर्ने ।

४. **कार्यक्रम स्थल छनौटका आधारः** आवश्यकता, सम्भाव्यता , माग तथा कार्यक्रमको प्रकृति हेरी गाउँपालिका भित्रका विभिन्न वडाहरुमा कार्यक्रम संचालन स्थल छनौट गरिने छ ।

५. **कार्यक्रम संचालन प्रक्रिया**

क) गाउँपालिका साथै पालिका अन्तर्गतको पशु सेवा शाखाको वार्षिक बजेट तथा कार्यक्रममा स्वीकृत भएको अनुदान कार्यक्रमको लागि बजेटमा व्यवस्था भए बमोजिम माग र औचित्यताको आधारमा अधिकतम कृषकहरुलाई शत प्रतिशत अनुदान उपलब्ध हुनेगरी कार्यक्रम संचालन गरिनेछ।

ख) अनुदान प्रवाहका लागि कम्तीमा ७ (सात) दिन र बढीमा १५(पन्ध्र) दिनको म्याद दिई **अनुसूची १** बमोजिमको ढाँचामा सार्वजनिक सूचना प्रकाशित गरिनेछ।

ग) इच्छुक कृषकले **अनुसूची २** बमोजिमको आवेदन विवरण र व्यवसायिक योजना गाउँपालिकाको पशु सेवा शाखामामा पेश गर्नु पर्नेछ ।

घ) प्रस्ताव परेका कृषकहरुलाई पशु बिकास कार्य समिलेले छनौट गर्ने छ।प्रस्तावकले प्रस्ताव पेश गर्दा **अनुसुची ३** अनुसारको ढाँचामा पेश गर्नुपर्ने छ।

ङ) छनौटमा परेका फर्म/समूह/सहकारी र गाउँपालिका बीच **अनुसूची** ४ अनुसारको दुईपक्षीय सम्झौता हुनेछ।

च) विवरण पेश गरेका फार्म/समूह/सहकारीहरुलाई अनुदान रकम पशु बिकास कार्य समितिको निर्णयबाट हुनेछ।

६. **कार्यक्रमका मापदण्डहरुः-**

**बोका खसी उत्पादन र बिक्री तर्फ :**

क) बोका खसी घरमै उत्पादन भएको हुनुपर्ने छ।

ख) प्रति वर्ष न्यनतम १०० के.जी जिउदो खसी/बोका बिक्री गरेकै हुनुपर्ने छ। अन्यथा कार्यक्रममा समाबेश गराईने छैन।

ग) खसी बोका समुह/सहकारी मार्फत बिक्री गरेको हुनुपर्ने छ।

घ) अन्यत्र बाट किनेर ल्याएको बोका खसी बिक्री गर्दा उक्त अनुदान रकम उपलब्ध हुने छैन।

ङ) सहकारीले कृषकले बिक्री गरेका खसी बोकाको अभिलेख राख्नुपर्नेछ ।

**दुध बिक्री तर्फ :**

क) दुध घरमै उत्पादन भएको हुनुपर्ने छ।

ख) प्रति महिना न्युनतम २०० लिटर वा सो भन्दा बढी दुध उत्पादन गरि बिक्री गर्नुपर्ने छ।

ग) आफुले खरिद गरी बिक्री गरेको दूधलाई मान्यता दिइने छैन ।

घ) दुध बिक्री गरि किसानले पैसा बुझेको भरपाई र दुध संकलन केन्द्र वा डेरी पसलले दुध खरिद गरेको मासिक विवरण पेश गर्नुपर्ने छ ।

**अण्डा उत्पादन तर्फ :**

क) आफ्नै घरमा उत्पादन गरेको हुनुपर्ने छ ।

ख) मासिक २००० भन्दा बढी अण्डा उत्पादन गरि बिक्री गरेको हुनुपर्ने छ ।

ग) कृषकले पालेका कुखुराको अभिलेख पशु सेवा शाखामा राखेको हुनुपर्ने छ ।

घ) कृषकले अण्डा बिक्री गरेको पुष्टि हुने प्रमाण पेश गर्नु पर्नेछ ।

ङ) कुखुराको बीमा गरेको प्रामाण पेश गर्नुपर्ने छ ।

७.**छनौट समितिः** कार्यक्रमको लागि तपशिल अनुसारको एक छनौट समिति रहनेछ। जसले कार्यक्रममा पेश हुने प्रस्तावहरुको छनौट तथा मूल्याङ्कन गर्नेछ।

तपशिल

| | |
|---|---|
| १. गाउँपालिका अध्यक्ष | संयोजक |
| २. गाउँपालिका उपाध्यक्ष | सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ४. ८ वटै वडा अध्यक्षहरु | सदस्य |
| ५. सम्बन्धित शाखाको प्रमुख | सदस्य सचिव |

कार्यक्रममा विशेष आमन्त्रित सदस्यका रुपमा आवश्यकता अनुसार सम्बन्धित विषयगत समिति संयोजक तथा अन्य विषयविज्ञलाई आमन्त्रण गर्न सकिनेछ।

८.**समितिको काम, कर्तव्य र अधिकारः** दफा (७) बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकारदेहाय बमोजिम हुनेछन।

(क) कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने प्रस्तावकहरु मध्ये अनुदानग्राहीको नाम छनौट गर्ने,

(ख) संचालित कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्ने।

(ग) अनुदान प्राप्त गर्ने लाभग्राहीको विवरण राख्न लगाउने।

(घ) अन्य कार्यक्रम सँग सम्बन्धित आवश्यक अन्य कार्य गर्ने।

९. **कार्यक्षेत्रः** यो कार्यक्रम चन्द्रकोट गाउँपालिका क्षेत्र भररहनेछ ।

१०. **छनौट प्रकृया** : प्रस्ताव राखेका फर्म/सहकारीको छनौट यस कार्यविधि बमोजिम गठित छनौट समितिले गर्नेछ ।

११. **अनुगमन तथा मूल्याङ्कनः** कार्यक्रमको समग्र अनुगमन तथा मूल्याङ्कन गर्न देहाय अनुसारको एक अनुगमन समिति रहने व्यवस्था रहेको छः-

**तपशिल**

| | |
|---|---|
| १. गाउँपालिका उपाध्यक्ष | संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| ३. आर्थिक विकास समिति संयोजक | सदस्य |
| ४. सम्बन्धित वडाको वडाध्यक्ष | सदस्य |
| ५. प्रशासन शाखा प्रमुख | सदस्य |
| ६. सम्बन्धित शाखाको शाखा प्रमुख | सदस्य |
| ७. योजना अधिकृत | सदस्य-सचिव |

अनुगमनका क्रममा गाउँपालिका अध्यक्ष तथा अन्य विशेष व्यक्तिहरुलाई आमन्त्रित गर्न सकिनेछ।

१२.**अनुदान रकम** : जिउदो खसी/बोकाको हकमा प्रति प्रति के.जी रु २०, दुधको हकमा प्रति लि. २ र अण्डाको हकमा प्रति अण्डा ५० पैसा का दरले अनुदान रकम कृषकहरुलाई लाई उपलब्ध गराइनेछ ।

१३. **अनुदानको भुक्तानी प्रक्रिया** :

**खसी/बोकाको हकमा :**

क) यस कार्यक्रम अन्तर्गत सहभागी भएका समुह/सहकारीहरुले अनुदान रकम माग गर्दा खसी बोका बिक्रि गरेको अभिलेख।

ख) सम्बन्धित वडा कार्यालयको सिफारिस दर्ता प्रमाण पत्र ।

**दुध र अण्डाको हकमा :**

१. निवेदन , दर्ता प्रमाण पत्र

२. दुध बिक्री गरि किसानले पैसा बुझेको भरपाई र दुध संकलन केन्द्र वा डेरी पसलले दुध खरिद गरेको मासिक विवरण पेश गर्नुपर्ने छ ।

३. अण्डा बिक्री गरि किसानले पैसा बुझेको भरपाई

४. सम्बन्धित वडा कार्यालयको सिफारिस

पेश भएका विवरणमा कुनै किसिममको कैफियत भेटिए वा झुठा ठहरीए गाउँपालिकाले अनुदान रकम भुक्तानी गर्न बाध्य हुने छैन र आवश्यक परे कानुनी कारवाही अगाडी बढाउन सक्नेछ।कृषकहरुलाई अनुदान रकम बजेटको परिधि भित्र रहेर वितरण गरिनेछ ।

१४.**अनुगमन प्रक्रिया** : छनौटमा परेका कृषकहरुको अनुगमन सम्बन्धित वडाका जनप्रतिनिधि र पशु बिकास कार्य समितिले गर्नेछ ।

१५.**कारवाही:** यस कार्यविधि बमोजिम सुविधा उपलब्ध प्राप्त गर्ने शिलशिलामा गलत मनासाय राखी, सुविधा प्राप्त गर्न ढाँट छल गरेको प्रमाणित भएमा सुविधा बापत दिएको रकम बरावरको रकम सम्बन्धित लाभग्राहीबाट असुल उपर गरिनेछ।

१६. **संशोधन वा हेरफेर:** कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार संशोधन वा हेरफेर गर्नसक्नेछ ।

१७.**बाधा अड्काउ फुकाउ:** यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै वाधा उत्पन्न भएमा कार्यपालिकाले वाधा अड्काउ फुकाउन सक्नेछ ।

आज्ञाले

विष्णु प्रसाद भुसाल

प्रमुख प्रशासकीय अधिकृत

# अनुसूची १

**(कार्यविधिको दफा ८ (१)सँग सम्बन्धीत)**

***गाउँपालिकाको लेटरहेड***

## कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रमको प्रस्ताव आह्वान सम्बन्धी सुचना

**सूचना नम्बरः-........................**

प्रथम पटक प्रकाशित मितिः-

चन्द्रकोट गाउँपालिका को आ.व............को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **कृषकको उत्पादन गाउँपालिकाको अनुदान** कार्यक्रममा सहभागी हुन इच्छुक फर्म/समुह/सहकारी ले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तपशिलमा उल्लेखित कागजात सहित सम्बन्धित पशु सेवा शाखामा प्रस्ताव पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| क्र.स | अनुदानको किसिम | अनुदान रकम | मापदण्ड | आवश्यक कागजात |
|---|---|---|---|---|
| १ | दुध उत्पादन | प्रति लि. दुध बिक्री बापत २ रुपैया | • मासिक न्युनतम २०० लि. दुध डेरी वा संकलन केन्द्रमा बिक्री गरेको हुनुपर्ने। | • फर्म दर्ता प्रमाण पत्र<br>• कर चुक्ता प्रमाण पत्र<br>• पशु बीमाको प्रमाण पत्र<br>• सम्बन्धित वडाको सिफारिस |
| २ | खसी बोका उत्पादन तर्फ | प्रति के.जी २० रुपैया | • कृषकले बार्षिक १०० के.जी जिउदो खसी बोका फर्म/समुह/सहकारी मार्फत बिक्री गरेको हुनुपर्ने छ। | • फर्म/समुह/सहकारी दर्ताको प्रमाण पत्र<br>• कर चुक्ता प्रामाण पत्र<br>• लेखा परिक्षणको प्रतिवेदन<br>• सम्बन्धित वडाको सिफारिस पत्र |
| ३ | अण्डा उत्पादन तर्फ | प्रति गोटा ५० पैसा | • मासिक २००० अण्डा बिक्री गरेको हुनुपर्ने छ | • फर्म दर्ता प्रमाण पत्र<br>• कर चुक्ता प्रमाण पत्र<br>• पन्छी बीमाको प्रमाण पत्र<br>• सम्बन्धित वडाको सिफारिस पत्र |

...................

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची २

**(कार्यविधिको दफा ८(२) सँग सम्बन्धीत)**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू
चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर गुल्मी ।

विषय : आवेदन पेश गरेको सम्बन्धमा।

प्रस्तुत विषयमा चन्द्रकोट गाउँपालिकाको मिति ............. मा प्रकाशित सुचना अनुसार कृषकको उत्पादन गाउँपालिकाको अनुदान कार्यक्रममा सहभागी हुन चाहना भएकोले सो प्रयोजनका लागि तपशिल अनुसारको कागजात संलग्न गरि आवेदन पेश गरेको छु ।

तपशिल :

१. नेपाली नागरिकताको फोटोकपी
२. पशुपन्छी बीमाको प्रतिलिपि
३. फर्म/सहकारी दर्ता को फोटोकपि
४. कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि

निवेदक

नाम :

पद :

ठेगाना :

दस्तखत :

सम्पर्क नं :

चन्द्रकोट गाँउपालिका

# अनुसूची - ३

## (कार्यविधिको दफा ८(३)सँग सम्बन्धीत)

## फर्म/समुह/सहकारीको विवरण ढाचा

| | |
|---|---|
| समूह/ सहकारी/ उद्यमीको नाम | |
| ठेगाना | |
| समूह/सहकारी अध्यक्षको नाम | |
| सम्पर्क नम्बर | |
| समूह/सहकारी/ फर्म दर्ता नम्बर | |
| स्थायी लेखा नम्बर | |
| बैक खाता नम्बर/ खातावालाको नाम | |
| बैकको नाम | |
| पालिरहेको पशुपन्छी किसिम | |
| पालिरहेको पशुपन्छी संख्या | |
| पशुजन्य उत्पादनको किसिम | |
| दैनिक/बार्षिक उत्पादन | |
| पशुजन्य उत्पादन बिक्री गर्ने स्थल | |
| सहकारी सस्थाको किसिम | |
| शेयर सदस्य/समूह सदस्य संख्या | |

चन्द्रकोट गाउँपालिका

## अनुसूची - ४

### (कार्यविधिको दफा ८ (४)सँग सम्बन्धीत)

### समुह/सहकारी सँग सम्झौता

चन्द्रकोट गाउपालिकाको आ. व. ..........को स्वीकृत वार्षिक कार्यक्रम अनुसार उत्पादनको आधारमा अनुदान कार्यक्रम संचालन गर्न चन्द्रकोट गाउँपालिकाको कार्यालय (यस पछि प्रथम पक्ष भनिने) र चन्द्रकोट गाउँपालिका वडा नं......मा रहेको.................का संचालक श्री ................../चन्द्रकोट गाउँपालिका वडा नं...बस्ने श्री............... (यस पछि दोश्रो पक्ष भनिने) का वीच तपशिल बमोजिमका शर्तहरु परिपालना गर्ने गरी यो सम्झौता गरिदियौं/लियौं।

तपसिल :

१. प्रथम पक्षले मागमा उत्पादनको आधारमा अनुदान कार्यक्रम मार्फत व्यावसायिक पशुपन्छी जन्य उत्पादन कार्यक्रम संचालन गर्न कार्यक्रमको लागि जम्मा रु(............... अक्षेरुपी )............ . दोश्रो पक्षलाई अनुदान प्रदान गर्नेछ।

२. दोश्रो पक्षले प्रस्तावनामा उल्लेख भए अनुसारको कार्यक्रम संचालन गर्नु पर्नेछ। सोको अनुगमन लागि प्रथम पक्षले गर्ने छ यस कार्यमा प्रथम पक्षलाई आवश्यक सहयोग गर्नु दोश्रो पक्षको दायित्व हुनेछ।

३. दोस्रो पक्षले पेश गरेको पशुजन्य बिक्री विवरणको आधारमा सक्कल भरपाई पेश गरे पश्चात् पहिलो पक्षले दोस्रो पक्षको बैक खातामा रकम एकमुष्ट जम्मा गरिनेछ।

४. दोस्रो पक्ष)समुह/सहकारी भएमा(ले अनुदान रकम माग गर्दा प्रत्येक महिना दुध वा अण्डा बिक्री गरेको अभिलेख पेश गर्नुपर्ने छ।

५. दोस्रो पक्ष)समुह/सहकारी भएमा(ले दुध अण्डा र मासु बिक्री बापतको रकम बुझेको भरपाई पेश गर्नुपर्ने छ।

६. दोस्रो पक्षले प्राप्त अनुदानमा आफ्नो संचालन खर्च कटाउन पाउने छैन।

७. दोस्रो पक्षले रकम वितरण गर्दा कार्यालय वा जनप्रतिनिधिको रोहबरमा गर्नुपर्नेछ।

८. दोस्रो पक्षले कहिँ कतै खसी बोका बिक्री गर्दा प्रथम पक्षलाई जानकारी दिनुपर्ने छ।

९. दोस्रो पक्षले यो सम्झौता बमोजिम कार्य नगरेमा व उपलब्ध स्रोत साधनको दुरुपयोग गरेमा प्रथम पक्षले जुनसुकै समयमा एकतर्फी रुपमा सम्झौता भंग गरी प्रचलित कानुन बमोजिम अनुदान रकम असूल उपर गर्न सक्नेछ।

१०.यस सम्झौतामा उल्लेख भए बाहेकका बिषयमा प्रचलित कानून बमोजिम हुनेछ।

उल्लेखित शर्तहरु पालना गर्न गराउन मन्जुर भई यो सम्झौतामा दस्तखत गर्दछौ।

| **दोस्रो पक्ष** | **प्रथम पक्ष** |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| ठेगानाः | |
| पद(समुह/सहकारीको हकमा) : | पद : |
| सस्था(समुह/सहकारीको हकमा) : | कार्यालय : |